# चामुण्डाबिन्द्रासैनी नगरपालिका

## जम्बुकाँध, दैलेख

## नीति तथा कार्यक्रम-०८०/०८१

### “दिगो विकासका लागि पुर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा र रोजगार”

### “समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार”

**प्रमुख अतिथि,**

**प्रतिनिधि सभाका सदस्य माननीय दिक्पाल कुमार शाहीज्यू,**

**विशेष अतिथिज्यूहरु,**

**तथा गरिमामय नगरसभाका सदस्यज्यूहरु**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको बृहत्तर हित र उन्नतीका साथै आर्थिक समृद्धि र सामाजिक सु-व्यवस्थाको खातिर आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा गौरवान्वित महशुस गरेको छु। यसै सन्दर्भमा राष्ट्रियता लोकतन्त्र, समाजवाद र संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति ईतिहासको विभिन्न कालखण्डमा सहादत्त प्राप्त गर्नुहुने ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक श्रर्दासुमन अर्पण गर्दछु । साथै विभिन्न आन्दोलन र जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बमोजिम तीन तहका सरकारहरु मध्ये स्थानीय सरकार नै सर्वसाधारण नागरिकहरुको सहज पहुँच रहेको घरदैलोको सरकार हो।

संघीयता पछिको दोस्रो स्थानीय तह निर्वाचन मार्फत व्यक्त भएको जनभावनाबाट हामी सबै यस गरिमामय सभामा आइपुक्दा हाम्रो साम् अनेकौ अवसर तथा चुनौतीहरु रहेका छन्। जनभावनाको उच्चतम कदर गर्दै यस चामुण्डाविन्द्रासनी नगरपालिकामा हामीले शान्ति, समृद्धि, सुशासन, पारदर्शिता, सदाचार र अमनचयन कायम गर्दै समग्र नगरबासीहरुको ओठमा मुस्कान छर्नु छ। हामी हाम्रो पाँच वर्षे कार्यकालको दोस्रो वर्षमा प्रवेश गरेका छौं। यस सुवर्ण अवसरको भरपुर सदुपयोग गर्दै सिमित स्रोत साधान र निश्चित समयावधि भित्रै हामीले समग्र नगरबासी जनसमुदायका इच्छा आकांक्षा र चाहानालाई सम्बोधन गरेर सन्तुष्ट पार्नु छ। विश्व मानव समुदाय आज उत्तर आधुनिक चरम भौतिक विकासको उपभोग गर्ने क्रममा छ। हाम्रो साम् यस्तो उत्तरआधुनिक विकासले अझै प्रवेश पाएको छैन । हामी आज पनि जनताका न्यूनतम् आधारभूत आवश्यकता र सामान्य विकासका पूर्वाधार निर्माणकै चरणमा छौं । हाल विश्वमा आर्थिक संकट बढ्दैगएको छ र यसको प्रभाव नेपालमा पनि परिसकेको छ। यस आर्थिक मन्दिको बीचमा न्यून स्रोतले नगरबासीका आवश्यकता पुरा गर्न चुनौतीपूर्ण नै छ।

। यसका अतिरिक्त दाल, चामल, तेल, चिनी तथा तरकारी जस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुका साथै शुद्ध पिउने पानी समेतमा हामी परनिर्भर छौं । यि र यस्तै विषय वस्तुहरु नै तपाई हाम्रा चुनौती र हामीले सम्बोधन गर्नु पर्ने जनताका आवश्यकता हुन। जनताको सेवा गर्दा अर्थात समस्याको समाधान गर्दा अपनाउनु पर्ने झन्झटिलो प्रक्रिया आर्थिक भौतिक तथा मानव स्रोत साधानको अभाव तथा परिचालन थप चुनौतीका रुपमा देखा पर्दछ । यिनै चुनौतीको बावजुद तपाईं हामीले दुर्गम गाउँ बस्तिको, चामुण्डाबिन्द्रासैनी नगरपालिका र नगरबासीको निम्ति आगामी अवधिमा स्रोत साधान र सुविधाले भरिपुर्ण सुन्दर नगरको रुपमा रुपान्तरण गर्नुपर्ने छ । यसका निमित्त हामीले प्रण गरेर आएका छौं । ढिलो नगरिकन समृद्ध चामुण्डाबिन्द्रासैनीको सपनालाई पुरा गर्न

तपाईं हामी सबै जना व्यक्तिगत तथा दलगत स्वार्थबाट माथि उठेर जनसेवामा समर्पित भइ लाग्नेछौं भन्ने पूर्ण भरोसाका साथ आगामी आ.अ.२०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्दछु ।

**यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले आ.व. ०८०/०८१ मा अवलम्वन गर्ने मूल नीतिहरु :**

नगरसभाका सदस्यज्यूहरु :

१. म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भन्ने मान्यतालाई आत्मसाथ गरिने छ ।

२. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने तथा उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विन्द्रासैनी स्वास्थ्य चौकीलाई विन्द्रासैनी आधारभूत अस्पतालमा समाहित गरी स्वास्थ्य सेवाहरु प्रवाह गरिनेछ ।

४. नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था मिलाइने छ ।

५. उत्पादन र उत्पादकत्व बृद्धि पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पँहुच, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र पर्यावरणीय सन्तुलन र सुशासनलाई प्राथमिकतामा राखिने छ ।

६. एक वडा एक नर्सरी स्थापना गरी सञ्चालन गरिनेछ ।

७. दिगो विकासका लक्ष्यलाई टेवा पुऱ्याउने खालमा योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि आगामी वर्षको बजेट विनियोजन गरिनेछ ।

८. स्थानीय स्रोत साधन र सीपको अधिकतम् उपयोग गर्ने नीति लिइने छ ।

९. ६० वर्ष देखि ६७ वर्ष उमेर समूहका नागरिकहरु सरकारको तर्फबाट सञ्चालन हुने रोजगारमुलक कार्यक्रममा सहभागी हुन नपाइने र सामाजिक सुरक्षा भत्ता पनि नपाउने भएकोले सरकारको तर्फबाट पाएको कुनैपनि सुविधामा दोहोरो नहुने गरी यस उमेर समुहका नागरिहरुको लागि **"नगर प्रमुख नागरिक सुरक्षा कार्यक्रम"** मार्फत सुविधा उपलब्ध गराइने छ । यो कार्यक्रम कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१०. नगरपालिकामा स्थायी रुपमा बसोबास भएका र आमा बाबु गुमाएका, आमा बाबु मध्ये कुनै एक नभएका र अरुको सहारामा बाँचिरहेका सहाराविहिन बालबालिकाहरुलाई सहयोग हुने गरी **"वेसहारासँग नगरप्रमुख"** कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११. संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको अधिकारको सूची भित्र रहि वार्षिक, मध्यकालिन, आवधिक र दीर्घकालिन योजना बनाइ कार्यक्रम कार्यान्वयन गर्ने नीति लिइने छ ।

१२. समावेशी र सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरु छनौट र कार्यान्वयनमा जनताको अधिकतम् सहभागिताको नीति लिइने छ,साथै सुशासन, पारदर्शिता, जवाफदेहिता र उत्तरदायी शासन प्रणाली र भ्रष्टाचारमूक्त समाज निर्माण गर्ने नीति लिईने छ ।

१३. नागरिकलाई उद्यमशील र सीपमूलक बनाइ रोजगारीको अधिकतम् अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने नीति लिईने छ ।

१४. सरकारी निजी क्षेत्र, गैरसरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम् उपयोग गरी सहकार्य र साँझेदारीमा काम गर्ने नीति लिईने छ ।

१५. नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम जनताका लागि जनताकै घर दैलोमा देख्न, सुन्न, हेर्न र अनुभव गर्न सक्ने गरी संचालनमा ल्याइने छ ।

१६. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायलाई दर्ता तथा नियमन अनिवार्य गरिनेछ ।

१७. व्यवसाय दर्ता, नवीकरण तथा कर संकलनको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. नगरपालिका क्षेत्र भित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनीहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।

१९. युवाहरुमा सकरात्मक सोचको विकास गरी स्थानीय स्तरमा सम्भावना र अवसर प्रति आकर्षित गरिनेछ

२०. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी गराउन नगरपालिका तथा वडा कार्यालयहरुमा आवश्यक Software जडान गरिनेछ ।

२१. नागरिक सन्तुष्टिको सर्वेक्षण गरी प्राप्त सुझावका आधारमा सेवा प्रवाहलाई सुधार गर्दै लगिने छ ।

२२. कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गरिनेछ । महिला तथा अर्ध बेरोजगार र वैदेशिक रोजगारवाट फर्केका युवालाई कृषि व्यवसायमा आकर्षित गरिनेछ ।

२३. वास्तविक कृषकलाई सहज ढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइने छ र बाँझो जग्गा उपयोग गरी कृषि पेसा गर्न चाहाने किसानलाई प्रोत्साहन गरिनेछ ।

२४. सार्वजनिक वन क्षेत्र, सडक र राजमार्गको किनारमा निगाला, बाँस, सियाली, अजम्बरी, केतुकी तथा स्थानीय स्तरमा पाइने फलफूलका बिरुवाहरु रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

२५. निजी बाँझो जग्गा खेतको कान्ला र आली समेतमा दलहन, तरकारी र अन्य स्थानीय बिरुवा लगाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

२६. कृषियोग्य भूमिको माटो परीक्षण शिविर सञ्चालन गरी माटोको प्रकार अनुसार बाली लगाउन कृषकलाई प्राविधिक सेवा उपलब्ध गराइने छ ।

२७. कृषि उत्पादकत्वको बृद्धि गर्न व्यवसायिक तरिकाले अगाडि बढ्ने कृषकहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।

२८. कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

२९. नगरपालिका भित्रका सहकारीको क्षमता विकास गरी स्थानीय उत्पादनमा बृद्धि तथा रोजगारी सिर्जना गर्ने नीति लिइने छ ।

३०. राजश्वको दायरा बढाइ नगरपालिकाको आन्तरिक आम्दानी बृद्धि गरिनेछ र यसको लागि प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ ।

३१. नगर बस सेवालाई थप व्यवस्थित रुपमा निरन्तर सञ्चालन गरिनेछ ।

३२. महिला तथा युवासँग उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन गरी बढ्दो बेरोजगारी समस्यालाई न्यूनीकरण गरिने छ ।

**प्रमुख अतिथिज्यू तथा नगरसभाका सदस्यहरुज्यूहरु,**

**अब म विषयगत क्षेत्रका नीति तथा कार्यक्रहरु प्रस्तुत गर्न गइरहेको छु।**

आर्थिक विकास

**कृषि क्षेत्र, पशुपंक्षी, उद्योग, पर्यटन, वित्तीय क्षेत्र तथा सहकारी क्षेत्रमा आ.व.०८०/०८१ अवलम्बन गरिने नीतिहरु**

१. कृषि तथा पशुपालनको क्षेत्रमा **"एक वडा एक उत्पादन विशेष"** कार्यक्रम तर्जुमा गरी कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण गरिनेछ।

२. कृषि तथा पशुपन्छी पालन समूह तथा सहकारीहरुलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिने छ । साथै सहकारी संस्थाहरु मार्फत गैरसरकारी संघसंस्थाहरुले साझेदारी गरी सञ्चालन गरिदै आएको घुम्ती कोष सञ्चालन कार्यक्रमलाई कार्यविधि बनाई थप व्यवस्थित गरी प्रभावकारी बनाइने छ।

३. आयमा आधारित नगदेबाली तथा पशुपन्छी पालन कार्यक्रमलाई विशेष प्रोत्साहन दिइने छ जस अर्न्तगत मसला खेती फलफूल खेती दलहन तेलहन खेती स्थानीय जातको कुखुरापालन भैसीपालन एवं घाँस उत्पादनलाई विशेष प्राथामिकता दिइने छ।

४. कृषि पशुपन्छी तथा अन्य विविध सीप प्रविधि र कला कौशलमा आधारित रहि घरेलु साना तथा लघु उद्योगहरुलाई आधुनिकीकरण र व्यवसायीककरण गर्दै युवा पुस्तालाई सो क्षेत्रमा आकर्षित गरी स्वरोजगार तुल्याउने नीति लिइने छ।

५. युवा शक्तिलाई श्रमप्रति सकरात्मक भावना जगाई उत्पादनमूलक क्षेत्रमा संलग्न गरी युवा शक्तिको अधिकतम सदुपयोग गरिनेछ ।

६. **"एक युवा अनेक उद्यम"** को नारा लिई प्रत्येक युवाहरुलाई कुनै न कुनै उद्यम व्यवसायमा संलग्न गराइने छ । साथै उद्यमी नागरिक उद्यमशील नगरको पहिचान दिलाइने छ।

७. पर्यटन उत्पादन तथा सिर्जनशील क्षेत्रमा युवा व्यवसायीहरुलाई आकर्षित गर्दै प्रतिफल र उत्कृष्टताको आधारमा अनुदान तथा प्रोत्साहनको व्यवस्था मिलाइने छ।

८. नगरपालिकालाई नियमित र अधिकतम् राजश्व तिर्ने करदाताहरु मध्येबाट छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

९. राजश्वको दायरा बढाई नगरपालिकालाई आत्मनिर्भता तर्फ उन्मुख गराइने छ। कृषि संकलन प्रशोधन तथा बिक्री वितरण केन्द्रको छुट्टाछुट्टै स्थापना गरी व्यवस्थित र व्यवसायिक ढंगबाट सञ्चालन गरिनेछ।

१०. स्थानीयस्तरमा प्रर्याप्त मात्रमा उत्पादन हुने वस्तुहरु निर्यात गर्ने र यस्ता वस्तुहरुको आयातलाई प्रतिस्थापन गरिने नीति लिइने छ।

११. कृषिजन्य वस्तुको उत्पादन बृद्धि गरी कृषिजन्य वस्तुमा आधारित उद्योगहरु स्थापना गर्न किसानहरुलाई **"साँझेदारीमा आधारित अनुदान कार्यक्रम"** मार्फत अनुदान उपलब्ध गराइने।

१२. नगर क्षेत्र भित्र रहेका विभिन्न खनिज पदार्थहरुको खानी सञ्चालन को सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ।

१३. मापदण्ड अनुसारको पशुवधशालाको व्यवस्था गरी पर्यावरणीय सन्तुलन कायम गर्ने नीति लिइने छ।

१४. व्यवस्थित र सुविधा सम्पन्न डेरी तथा डेरी जन्य उद्योगहरुको स्थापना गरी सेवा प्रदान गरिनेछ।

१५. सहकारीलाई आर्थिक विकास र गरिबी निवारणका लागि उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गरिनेछ । वास्तविक किसानसम्म पुग्ने गरी कृषि क्षेत्रका योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो, तर कृषि पेशा व्यवसायीकरण नहुँदा कृषि व्यवसाय प्रति किसानहरुको भरोसा बढ्न सकेको छैन । त्यसैले कृषि व्यवसायलाई आयआर्जनको भरपर्दो माध्यम बनाउन कृषिजन्य पूर्वाधारहरु निर्माण गरी स्वरोजगारको सिर्जना गरी देशको अर्थतन्त्रलाई टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. भू-उपयोग नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रमा भएको सम्पूर्ण निजी तथा सरकारी जग्गा उपयोगमा ल्याउन रणनीतिक योजना तयार गरिनेछ ।

१८. कृषिजन्य उत्पादन बृद्धि गरी कृषिजन्य वस्तुको आयातलाई प्रतिस्थापन गरी निर्यातलाई प्रबर्द्धन गर्न कृषिजन्य वस्तु उत्पादन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि आयात र निर्यातको तथ्यांक संकलन गरी वस्तुगत तरिकाले विश्लेषण गरी अद्यावधिक गर्दै लगिने छ ।

१९. नेपाल सरकारबाट यस नगरपालिकाको वडा नं. ६ लैनचौरमा औद्योगिक ग्राम स्थापनाको लागि स्वीकृती भई सकेकोले औद्योगिक ग्राम सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

२०. पर्यटनलाई जनताको आर्थिक क्रियाकलापसँग एकाकार गर्न पर्यटनका आधारहरु स्थानीय पथ प्रदर्शक लगायतका अन्य तालिम सञ्चालन र होमस्टे व्यवसायलाई प्रबर्द्धन गरिनेछ ।

२१. नगर क्षेत्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको प्रचारप्रसार, संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनमा जोड दिइनेछ ।

२२. धर्म, संस्कृति, परम्परा, रितिरीवाज र परम्परागत जीवनशैलीको संरक्षण र सम्बर्द्धनको लागि पारिवारिक तथा शैक्षिक संस्थामा संग्राहलय स्थापना गरी पर्यटन विकासमा सहयोग गरिनेछ र यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२३. मालपोत दस्तुर संकलनमा बृद्धि गर्न निश्चित समयभित्र मालपोत बुझाउने करदाता लाई निश्चित प्रतिशत कर छुट सहित टोल टोलमा राजश्व संकलन शिविर सञ्चालन गरिनेछ । साथै निमार्ण उपभोक्ता समितिलाई मालपोत कर बुझाउँन अनिवार्य गरिने छ ।

२४. यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानून बमोजिम करको दायरामा ल्याइनेछ ।

२५. खाद्यान्न बाली, तरकारी खेती, फलफूल खेती, माछापालन, मौरीपालन, च्याउ खेती पशुपन्छिंपालन लगाएत कृषिजन्य उत्पादनका सबै आयामहरुलाई व्यवसायीकरण गरिनेछ, कृषि उत्पादनमा बृद्धि गर्न कृषकहरुको क्षमता विकास गरिनेछ र कृषि तथा पशु बिमा लागायतका जोखिम न्यूनीकरणका नीति अवलम्बन गरिनेछ ।

२६. नगरपालिकाको स्रोतलाई बृद्धि गरी नगरपालिकाले लिएको नीति अनुसारका कार्यक्रमहरु गर्न ऋण नीति तयार गरी लागु गरिनेछ ।

२७. नेपाल सरकार वा प्रदेश सरकारसँगको संयूक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२८. गरिबी निवारण कोषद्धारा प्रवर्द्धित समुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाई बीउपुँजीको रुपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधीहरु सञ्चालन गर्न यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरी स्थानीय रोजगारीको सिर्जना गरिनेछ ।

२९. साना सिंचाई कार्यक्रम तय गरी किसानहरुलाई सिंचाइको सुविधा उपलब्ध गराइने छ ।

३०. यस नगरपालिकाको उत्तरी क्षेत्रलाई ओखर क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३१. नागरिकहरुलाई सुपथ मूल्यमा गुणस्तरीय उपभोग्य वस्तु उपलब्ध गराउन खाद्य डिपो तथा सहकारी पसल सञ्चालन गरिनेछ ।

<u>सामाजिक विकास</u>

**स्वास्थ्य, शिक्षा, खानेपानी, संस्कृति प्रवर्द्धन, खेलकुद, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तफ आ.व.०८०/०८१ मा अवलम्बन गरिने नीतिहरु :**

३२. नगर सांस्कृतिक गुरुयोजाना निर्माण गरि, कलासंस्कृतिको संरक्षण गरिनेछ ।

३३. जेष्ठ नागरिक, दलित, महिला, बालबालिका अपाङ्ग, अल्पसंख्यक तथा पिछडिएको वर्गको हित उत्थानको निम्ति स्थानीय समावेशी कार्यदल गठन गरी राहत तथा समतामूलक अवसरका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३४. अनाथ बालवालिकाहरुको पहिचान गरी आवश्यक राहत सहयोगको व्यवस्था गरिने छ । जसका लागि बालअनुदान कोष स्थापना गरिने छ ।

३५. आगामी आ.व.मा एम्बुलेन्स सेवा र शव वाहन सेवा सुचारु गरिनेछ ।

३६. छाउपडी प्रथा, जातीय छुवाछुत, बालविवाह , बहुविवाह, घरेलु हिंसा जस्ता सामाजिक विकृति विरुद्ध विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

३७. सम्पूर्ण नगरबासी नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा समावेशको व्यवस्था मिलाईनुका साथै सुपथ र सर्वसुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

३८. सबै गर्भवती महिलाहरुलाई सुरक्षित सुत्केरी सेवा तथा मातृशिशु सेवा सहज रुपमा प्रदान गरिनेछ ।

३९. जेष्ठ नागरिक, सुत्केरी, अशक्त, अपाङ्गहरुको निम्ति प्रभावकारी रुपमा घरदैलो स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

४०. गर्भवती महिलाहरुलाई टेलिमिडिसिन सेवा मार्फत घरमै गएर स्वास्थ्य परीक्षण गरिनेछ ।

४१. हरेक आधारभूत स्वास्थ्य सेवाकेन्द्र तथा स्वास्थ्य चौकीहरुलाई पूर्वाधार सम्पन्न बनाइनुका साथै आवश्यक स्रोत साधनयूक्त बनाइने छ ।

४२. हरेक वार्डमा एक एक वटा बाल उद्यानको व्यवस्था गरिनेछ ।

४३. १५ शैयाको विन्द्रासनी आधारभूत अस्पताललाई नगरकै गौरवको अस्पतालमा रुपान्तरण गरी आवश्यक स्वास्थ्य उपकरण र दक्ष जनशक्तिको व्यवस्था गरी सुविधा सम्पन्न बनाइने छ ।

४४. विभिन्न सामाजिक संघसंस्थाहरुसँग मिलेर सामाजिक विकासको क्षेत्रमा सरकारी तथा गैर सरकारी लगानी भित्र्याउँदै समन्वयात्मक विकासको अवधारणालाई अगाडि बढाइने छ ।

४५. विभिन्न सरकारी, गैर सरकारी संस्था तथा दातृ निकायहरुसँग समन्वय कायम गर्दै एकद्वार प्रणाली मार्फत कुनै पनि कार्यक्रम नदोहोरिने र नछुटिने व्यवस्था गर्न नगरपालिकामा एक छुट्टै हेल्प डेस्कको स्थापना गरी व्यवस्थित गरिनेछ ।

४६. यूवाहरुलाई विभिन्न किसिमका रोजगारमूलक सीपमा आधारित छोटो र लामो तथा मध्यम अवधिका व्यवसायिक तालिमहरु प्रदान गरिनेछ ।

४७. स्वास्थ्य सेवाको प्रभावकारिता बृद्धि गर्न पूर्वाधार विकास, स्वास्थ्य उपकरणको व्यवस्था तथा स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाइनेछ ।

४८. स्वास्थ्य संस्थामार्फत प्रवाह हुने सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

४९. आपत्कालीन स्वास्थ्य अवस्था तथा अन्य सरुवा रोग एवं महामारी नियन्त्रणका लागि बहुपक्षीय सहकार्य गरी यसका असरहरुको न्यूनीकरण र सेवामा निरन्तरता प्रदान गरिनेछ ।

५०. नगरबासीको पोषण अवस्थामा दिगो सुधार गर्न स्थानीयस्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

५१. नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको क्षमता विकास गरी स्वास्थ्य सेवामा जोड दिदै स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउँदै लगिने छ ।

५२. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमको व्यापक प्रचारप्रसार गरी जनताको घरदैलोसम्म पुर्‍याईनेछ ।

५३. "स्वस्थ चामुण्डाबिन्द्रासैनी, समृद्ध चामुण्डाबिन्द्रासैनी" बनाउन विभिन्न अभियानहरु सञ्चालन गरिनेछ ।

५४. ध्यान र योगको माध्यमबाट स्वास्थ्य शिविर सञ्चालन, सकरात्मक सोच र व्यक्तित्व विकास गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम तथा प्रशिक्षण सञ्चालन गरिनेछ । साथै योगशाला निर्माणको लागि पहल गरिनेछ ।

५५. महिला स्वास्थ्य स्वयम्सेवीकाहरुलाई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ र दीर्घकालीन सेवाका लागि सम्मानजनक बिदाइ गर्न विशेष योजना ल्याइनेछ ।

५६. लागुऔषध दुर्व्यसन नियन्त्रण र न्युनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक एंव नियन्त्रणमूलक क्रियाकलापहरु सञ्चालन गर्ने र कुलतबाट किशोर किशोरीहरुलाई बचाउन "विद्यालयमा साथी शिक्षा कार्यक्रम" सञ्चालन गरिनेछ तथा स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरीमैत्री बनाइनेछ ।

५७. आमा सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै लगिनेछ, नगरस्तरीय सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गरिनेछ ।

५८. मानसिक स्वास्थ्यको समस्या परेकाहरुलाई दक्ष जनशक्ति तयार गरी आवश्यकता अनुसार उपचारको व्यवस्था गरिनेछ ।

५९. यस पालिकामा जनताको स्वास्थ्य सुरक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ । यस पाालिकाको स्वास्थ्य कार्यक्रम बनाउदा स्वास्थ्यका उपचारात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक र प्रवर्द्धनात्मक सबै क्षेत्रलाई उच्च प्राथमिकता दिईने छ । यस पालिकाको स्वास्थ्यको कार्यक्रम बनाउदा महिला, गरिब, भौगोलिक रुपमा पछाडी परेका क्षेत्रका समुदाय, जेष्ठ नागरिक र अपांगहरुको स्वास्थ्य रक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ ।

६०. स्वास्थ्यकर्मीहरुको क्षमता विकास र वृत्ति विकास गर्ने, व्यक्तिगत सुरक्षाको प्रत्याभूति दिने र उत्प्रेणा बढाउने कार्य गरिनेछ भने उनीहरुलाई कार्यक्षेत्रमा आइपर्ने जोखिमका लागि बिमाको व्यवस्था गरिनेछ ।

६१. पालिकास्तरमा स्वास्थ्य समिति र स्वास्थ्य संस्थास्तरमा व्यवस्थापन तथा सञ्चालन समिति गठन वा सबलीकरण गरी उनीहरु मार्फत स्वास्थ्य कार्यक्रम र स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवालाई सुनिश्चित गरिनेछ ।

६२. पालिका भित्रका हरेक नागरिकलाई आधारभूत स्वास्थ्य सुविधा सुनिश्चत गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा शहरी स्वाथ्य किल्नीकहरुमा दक्ष जनशक्तिको व्यवस्थापन गरी सन्न्चालन गरिनेछ ।

६३. स्वास्थ्यकर्मीहरुका क्षमता विकास र वृद्धि विकास गर्नुका साथै व्यक्तिगत सुरक्षाको प्रत्याभूति दिने र उत्प्रेरणा बढाउनुका साथै कार्यमूल्यांकनको अधारमा सम्मान गरिनेछ ।

६४. यस पालिकालाई शून्य मातृ मृत्यू दर, शून्य बाल मृत्यू दर, शतप्रतिशत खोप युक्त, शून्य प्रसुति गृह पालिकाको रुपमा विकास गरिनेछ । पालिकामा आकस्मिक प्रसुति कोषको व्यवस्था गरिनेछ । साथै पालिकामा कोल्डचेनको व्यवस्थापन गरिनेछ । खोप कार्यक्रम स्वास्थ्य क्षेत्रको एक नं. प्रभाती कार्यक्रम हो । जसले बालबालिकाहरुलाई विभिन्न प्रकारका रोगहरुबाट रोकथाम तथा नियन्त्रणमा मदत गर्दछ । यस कार्यक्रमलाई अझै प्रभावकारीरुपमा संचालनको लागि सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई खोप कार्यक्रम सञ्चालन गर्दा यातायात खर्चको ब्यवस्थापन गरिनेछ ।

६५. महिला स्वास्थ्य स्वयम्सेवीका, आमा समुह र अन्य स्वास्थ्य स्वयमसेवक्हरुको क्षमता विकास गरी मातृशिशु स्वास्थ्य र परिवार नियोजन कार्यक्रम तथा जनस्वास्थ्यका कार्यक्रममा उनीहरुको क्षमताको प्रभावकारी रुपमा उपयोग गरिनेछ ।

६६. यस पालिका भित्र स्वास्थ्य क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरुसग सहकार्य गरी उनीहरुसँग रहेको साधन श्रोतको अधिकतम परिचालन गरी स्वास्थ्य क्षेत्रमा लगानी विस्तार गरिनेछ ।

६७. यस चामुण्डाविन्द्रासैनी नगरपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन वहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ र यसको लागि आवश्यक साझेदारी वजेट विनियोजन गरिनेछ ।

६८. बहुक्षेत्रीय पोषण योजना अनतरगत पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि अभियान सञ्चालन गरिनेछ । यसको लागि **"एक वडा एक पोषण मैत्री नमुना गाँउ"** अभियान आगामी आर्थिक वर्षबाटै कार्यान्वयन गरिनेछ ।

६९. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस नगरपालिकाको उच्च प्राथमिकतामा राखिने छ । सोही अनुरुप आगामी आ.व.०८०/०८१ को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस नगरपालिकाले विनियोजन गरेको साझेदारी रकम समेतलाई विषयगत तथा क्षेत्रगत विनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

७०. बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तीको लागि विषयगत शाखा र साँझेदार निकायहरुसँग मिलेर पोषण लक्षित र संवेदनशील क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै : बाल पोषण अनुदान, खोप कार्यक्रम, बालमैत्री स्थानीय शासन आदिमा समेत वहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिने छ ।

७१. नगरपालिकाको पोषण सम्वन्धी सुचना, तथ्यांकहरुको कमी भएको कुरालाई महशुस गर्दै नगरपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा नगरपालिकास्तरीय पोषण पार्श्वचित्र (Nutrition Profile) तयार गरने छ ।

७२. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानीय शासन (Nutrition Friendly Local Governance NFLG) अवलम्बन गर्न र आगामी ४ वर्ष भित्र यस पालिकाले पौषणमैत्री वार्ड घोषणाका लागि विशेष अभियान सञ्चालन गरी पोषण मैत्री वडा घोषण अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिने छ ।

७३. सबैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

७४. पोषणको अवस्था सुधार गर्नको लागि जंकफुड खाजा बालबालिकाहरुलाई विद्यालयमा रोकावट गरिनेछ ।

७५. नगरपालिकाको कार्यलयमा सुरक्षित स्तनपानका लागि स्तनपान कक्ष सञ्चालन गरिनेछ ।

७६. सुत्केरी पोषण स्याहार कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. नगर तथा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई अझ बढी सक्रिय बनाई पोषण विशेष तथा पोषण सम्वेदनशील कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै विषयगत शाखाहरुको वार्षिक कार्यक्रममा पोषणका क्रियाकलापहरु अनिवार्य रुपमा समावेश गरी विपन्न सुनौलो हजार दिनका आमा, बालबालिका र किशोरीहरुको घरपरिवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

७८. नगरपालिकामा रहेको पोषण रजिष्टरलाई निरन्तरता दिई पोषण रजिष्टरमा पोषणका गतिविधिहरु सञ्चालन गर्ने र कुपोषणको तथांक संकलन गरी सुनिश्चितता गर्दै, **"एक घर एक करेसाबारी"** स्थापनाको नीति अवलम्वन गरिनेछ ।

७९. यस नगरपालिकामा सुरक्षित मातृत्व कार्यक्रमलाई वडा वडामा विस्तार गरी मातृशिशु सेवाको पँहुच पुऱ्याउने, उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा नियमित सुचारु गर्ने, महिला स्वास्थ्य स्यंमसेवीकाको कामको कदर गर्दै प्रोत्साहन भत्ता उपलब्ध गराउने, गरिब तथा विपन्नहरुले प्रत्यक्ष लाभ लिने गरी स्वास्थ्य उपचारलाई थप सर्वसुलभ गराईने र विभिन्न समयमा स्वास्थ्य शिविरको आयोजना गरी विशेषज्ञ सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

८०. यस नगरपालिका मै मापदण्ड अनुसारका सेनिटरी प्याड उत्पादन गर्न लगाई स्वरोजगारको व्यवस्था गरिनेछ ।

८१. सर्वसुलभ गुणस्तरीय शिक्षाको राष्ट्रिय अवधारणा अनुरूप शिक्षा क्षेत्रलाई अगाडि बढाइनेछ ।

८२. यस नगरपालिकाका सबै बालबालिका तथा विद्यार्थीहरूलाई अनुशासित, सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील र आत्मनिर्भर बनाउने यस नगरपालिकाको शिक्षा नीति रहनेछ ।

८३. हालसम्म शिक्षा क्षेत्रमा सञ्चालन भएका राम्रा कार्यक्रम तथा अभ्यासहरूको प्रभाव अध्ययन गरेर सकारात्मक पक्षलाई यस नगरपालिकाको अंशको रुपमा स्वीकार गरिनेछ ।

८४. पालिका क्षेत्र भित्र रहेर कानून विपरित कार्य गर्ने र दर्ता नगरिएका व्यक्तिगत स्वास्थ्य क्लिनिकहरुको अनुगमन तथा नियमन गरिनेछ ।

८५. शैक्षिक सत्रको सुरूमै सबै विद्यार्थीहरूलाई पाठ्यपुस्तक उपलब्ध हुने सुनिश्चितता गरिनेछ ।

८६. विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा अनिवार्य तथा निःशुल्क पहुँचको सुनिश्चितता तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८७. सामुदायिक विद्यालयबाट नगरस्तरीय परीक्षामा सर्वोउत्कृष्ट नतिजा ल्याउने विद्यार्थी (१ छात्र र १ छात्रा) र शिक्षाको गुणस्तर सुधारमा विषेश योगदान दिने प्रधानाध्यापक, शिक्षक (१ जना महिला र १ जना पूरुष), विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्षलाई तहगतरूपमा प्रोत्साहन तथा पुरस्कार वितरण गरिनेछ व्यवस्था मिलाइनेछ ।

८८. विद्यालय शिक्षालाई प्रविधिमैत्री र भर्चुअल बनाउन पहल गरिनेछ ।

८९. शिक्षा क्षेत्रमा विपद् आई विद्यालयहरुमा लामो समयसम्म पठन पाठन अवरुद्ध हुन गएमा विद्यार्थीहरुको शिक्षण सिकाई कार्य निरन्तरताका लागि वैकल्पिक तथा भर्चूअल शिक्षा तथा सिकाई सहजीकरण कार्यक्रम तथा विधिहरुको अवलम्बन गरिनेछ । साथै शिक्षा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी लागु गरिनेछ ।

९०. शिक्षक तथा विद्यालय कर्मचारीहरूको पेशागत दक्षता विकास गर्न तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउनका लागि शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकासमा जोड दिइनेछ ।

९१. हालको नवीनतम् प्रविधिको विकासको परिवेशलाई आत्मासात् गर्दै सबै विद्यालयहरुमा सूचना प्रविधिमैत्री अध्ययन अध्यापनलाई प्राथमिकता दिइनेछ ।

९२. विद्यालयको स्थलगत अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गरी भौतिक तथा शैक्षिक पूर्वाधारको अभाव भएका विद्यालयहरुको आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ र सोही आधारमा अन्य अनुदानहरु वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

९३. विद्यालयस्तरको परीक्षा तथा मूल्याङ्कनलाई स्तरीय बनाउनका लागि परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित तथा एकिकृत बनाइनेछ ।

९४. नगरस्तरमा संघीय सरकारबाट तोकिएको राष्ट्रपति रनिङ् शीलड प्रतियोगिता र नगरपालिकाद्वारा तोकिएको नगर प्रमुख कप खेलकुद प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९५. विद्यालयमा भएका सम्पूर्ण शैक्षिक, भौतिक र प्रशासनिक गतिविधिहरुको मासिक प्रगति र समस्याहरुको विषयमा अनुभव आदान प्रदान, छलफल, समीक्षा तथा सुधार गर्न प्रत्येक महिना प्रधानाध्यापक बैठक सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

९६. विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्र. अ., वि व्य. अध्यक्ष तथा बालविकासकेन्द्र व्यवस्थापन समितिका अध्यक्षहरुका लागि क्षमता विकास तालिमको आयोजना तथा सञ्चालनको व्यवस्था गरिनेछ ।

९७. नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप सञ्चालन, परीक्षा व्यवस्थापन र अन्य सम्बन्धित क्रियाकलापहरु समेटेर नगरपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरिनेछ ।

९८. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा दरबन्दी कम भएका र दरबन्दी नभएका विद्यालयहरुमा शिक्षकको व्यवस्थापन सम्बन्धमा आवश्यक पहल गरिनेछ ।

९९. सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखी कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुलाई उनीहरुको शारीरिक तथा मानसिक विकासका लागि तोकिएको पौष्टिक तत्त्वहरुको मात्रा रहने गरी स्थानीय उत्पादनलाई प्रयोग गर्न प्रोत्साहन गर्दै दिवाखाजा कार्यक्रमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१००. सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरी छात्राहरुलाई महिनावारीका समयमा प्रयोग गर्न स्यानिटरी प्याड निःशुल्क उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिदै छात्राहरूको विद्यालय उपस्थितिलाई बढाउन जोड दिइनेछ ।

१०१. प्रधानाध्यापकहरूलाई विद्यालयको शैक्षिक, प्रशासनिक तथा विद्यालयप्रति जिम्मेवार र जवाफदेही बनाउनका लागि सबै विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरिनेछ । साथै उत्कृष्ट कार्यसम्पादन गर्ने प्रधानाध्यापकहरुलाई पुरष्कृत गरिने र नगर्ने प्रधानाध्यापकहरुको जिम्मेवारीमा समेत हेरफेर गरिनेछ ।

१०२. “बालबालिकाहरुलाई विद्यालयमा ल्याऔं, सिकाउ र टिकाउ” भन्ने शिक्षा सम्बन्धी नीति अवलम्बन गरिनेछ ।

१०३. विद्यालयहरुको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको कार्यलाई उपलब्धिमूलक बनाइनेछ र विद्यालय अनुगमनका लागि एक विद्यालय अनुगमन समिति गठन गरी मासिक रूपमा अनुगमन गरिनेछ ।

१०४. चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षा ऐन, नियमावली अनुरुप आवश्यकताको आधारमा विद्यालयहरु समायोजन, कक्षा तह थप घट तथा  नक्साङ्कनको आधारमा उपयुक्त स्थान पहिचान गरी नयाँ विद्यालयको स्थापना गर्ने र सबै सामुदायिक तथा सरकारी शिक्षण संस्थाहरुको गुणस्तरमा सुधार ल्याई सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउने नीतिलाई निरन्तरता दिइने छ।

१०५. माध्यमिक विद्यालयमा कार्यरत विद्यालय सहायक र आधारभुत तहमा लेखा र शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी काम गर्ने शिक्षकहरुलाई लेखा तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिमको व्यवस्था गरिने छ।

१०६. यस नगरपालिका भित्र सञ्चालनमा सामुदायिक विद्यालयहरु मध्ये हालसम्म पनि २१ वटा विद्यालयहरुमा एउटा पनि स्वीकृत दरबन्दी नरहेकोले प्रत्येक विद्यालयमा दरबन्दीको व्यवस्थापन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१०७. यस नगरपालिका अन्तर्गत चामुण्डा माध्यमिक विद्यालयमा सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थापन गर्ने पूर्ण जिम्मेवारी नगरपालिकाले लिने नीति लिइने र अन्य माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा व्यवसायिक तथा प्राविधिक शिक्षा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ।

१०८. यस नगरपालिकमा रहेको एक मात्र चामुण्डा कलेज चामुण्डालाई बहुमुखी क्याम्पस बनाउने नीतिलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईने र एम. एड. तहसम्मको अध्ययन अध्यापनलाई थप व्यवस्थित बनाउन आवश्यक पहल गर्दै उच्च शिक्षामा सबैको पहुँच बढाइनेछ।

१०९. यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि अभिभावकहरूलाई जवाफदेही बनाउने तथा उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने विद्यालयहरुलाई प्रोत्साहनका साथै कमजोर सिकाई उपलब्धि भएका विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक पहल गरिनेछ ।

११०. प्रत्येक विद्यालयलाई अपाङ्गमैत्री तथा छात्रामैत्री, भौतिक पुर्वाधार सम्पन्न, खानेपानी र शौचालयको उचित व्यवस्थाका साथै लैंगिक तथा अन्य कुनै पनि किसिमका भेदभाव रहित विद्यालय बनाईने नीतिलाई निरन्तरता दिइने छ,

१११. दलित, महिला, जनजाती, अपाङ्ग तथा आर्थिक रुपले पछाडि परेका समुदायबाट प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् उच्च शिक्षा अध्ययनको लागि यस नगरपालिकाबाट उत्कृष्ट विद्यार्थीको छनौट गरी उच्च शिक्षा अध्ययनको लागि नगर प्रमुख छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. यस नगरपालिकामा रहेको निरक्षरतालाई शून्यमा झार्ने लक्ष्य राखि साक्षर नगरपालिकाको रुपमा विकसित गर्ने नीतिलाई उच्च प्राथमिकता दिईने छ।

११३. हरेक विद्यालयमा एक जना तालिमप्राप्त प्राथमिक उपचारकर्मी शिक्षक,  प्राथमिक उपचार बक्स र स्ट्रेचरको व्यवस्था गर्न पहल गरिनेछ।

११४. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी बहुप्राविधिक शिक्षालयको पूर्वाधार तयार गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

११५. यस नगरपालिकाका बालबालिकाहरुको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न सामुदायिक विद्यालयहरुका लागि भर्ना अभियान सञ्चालन गरिनेछ।

११६. यस नगरपालिकाबाट दिदैँ आएको शिक्षण सहयोग अनुदान (बालविकास देखि कक्षा दश सम्म) लाई निरन्तरता दिई सो अनुदानमा कार्यरत बालविकास सहजकर्ता र शिक्षकहरुको तलबभत्ता बृद्धि गरिने, संघ बालविकास र विद्यालय कर्मचारीलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउन नगरपालिकाबाट दिदैँ आएको थप तलबभत्तालाई निरन्तरता दिइने छ ।

११७. सामुदायिक विद्यालयहरुको समग्र सुधारका लागि विद्यालय सूधार योजना निर्माण सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

११८. नगरस्तरीय अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान सम्बन्धी कार्यक्रमहरु आयोजना तथा सञ्चालन गरिने छ ।

११९. शैक्षिक क्रियाकलापहरु समेटेको शैक्षिक बूलेटिन प्रत्येक चौमासिकको अन्त्यमा निर्माण तथा प्रकाशन गरिनेछ ।

१२०. नगर बाल अनुदान कोष स्थापना गरी प्रभावकारी परिचालन गरिनेछ ।

१२१. बालविकास सहजकर्ता तथा सामूदायिक सिकाइकेन्द्रका परिचालकहरुलाई आधारभूत तथा पूनर्ताजगी तालिम दिने व्यवस्था मिलाइने छ ।

१२२. बालबालिका तथा किशोरीसँग उपप्रमुख कार्यक्रम व्यवस्थापन तथा सञ्चालन गरिने.छ ।

१२३. शिक्षासँग सम्बन्धित शिक्षा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण तथा संसोधन गरी शिक्षा क्षेत्र तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ र संस्थागत विद्यालयहरुलाई पनि नीति तथा विधिको परिधिभित्र समेटि नियमन गर्ने संयन्त्र विकास गरिनेछ । साथै सामुदायिक विद्यालयमा प्र. अ., शिक्षक तथा विद्यालय कर्मचारी दरबन्दि मिलान तथा व्यवस्थापन गरिनेछ ।

१२४. विभिन्न विपद्का कारण सामुदायिक विद्यालयहरुमा हुने क्षतिलाई व्यवस्थापन तथा न्यूनीकरण गर्न विद्यालय विपद् व्यवस्थापन अनुदानको व्यवस्था गरिनेछ ।

१२५. विद्यालय सञ्चालन तथा व्यवस्थापन र शैक्षिक गतिविधिहरु व्यवस्थापन सम्बन्धी छलफल तथा अन्तरक्रिया, गोष्ठी, सेमिनार तालिम सञ्चालनमा पहल गरिनेछ ।

१२६. यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाई केन्द्रलाई साक्षरता विकास तथा निरन्तर शिक्षा सञ्चालनका लागि व्यवस्थित गरिनेछ ।

१२७. यस नगरपालिका अन्तर्गत क्रियाशील विभिन्न शिक्षा सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारी गरी शैक्षिक गुणस्तर सुधारका लागि सबैलाई एकद्धार प्रणालीमा आवद्ध गरिनेछ ।

१२८. विपन्न लक्षित छात्रवृत्तिमा सम्बन्धित सबै विद्यार्थीहरूलाई आवद्ध गर्ने पूर्ण प्रयास गरिनेछ

१२९. हाम्रो स्कूल, बनाउ राम्रो भन्ने राष्ट्रिय नीतिलाई अवलम्बन गरनेछ ।

१३०. समायोजित विद्यालयहरूलाई भौतिक तथा शैक्षिक पूर्वाधार वितरण तथा निर्माणमा विशेष प्राथमिकता दिइनेछ ।

१३१. प्रत्येक वर्ष पालिकामा रहेका विद्यालयहरू मध्ये १ वडाको १ विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गर्दै लिने नीति लिइनेछ ।

१३२. बेसहारा तथा अभिभावक विहिन बालबालिकाहरुको जीवन रक्षाको लागि सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. सामाजिक परिचालन कार्यक्रम र वडा कार्यालय, स्वास्थ्य चौकी र वर्थिङ सेन्टर सरसफाई कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१३४. नेपाल सरकार र कर्णाली प्रदेश सरकारको समन्वयमा जनता आवास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । यस नगरपालिकालाई खरका छानामूक्त नगरपालिका घोषणा गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१३५. पञ्चकोशी क्षेत्रमा पर्ने श्री चरण पादुका स्थानमा अतिथिको सत्कार तथा सम्मानका लागि र अन्य महत्वपूर्ण कार्यमा समेत मद्दत पुग्ने उद्देश्यले अक्षय कोष स्थापना कार्यलाई निरन्तरता दिइने छ ।

१३६. दुल्लु नगपालिका र चामुण्डाविन्द्रासैनी नगरपालिका बीच आ.व.०७७/०७८ मा भगिनी सम्बन्ध कायम गर्न द्विपक्षीय सम्झौता भई सकेको छ र यसै गरी अन्य पालिकाहरुसँग पनि यो सम्बन्ध विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

१३७. **"एक युवा एक काम"** भन्ने मुल नारा बमोजिम वेरोजगार युवा युवतीहरुलाई यसै नगरपालिका भित्र रोजगारमूलक अवसरको सृजना गर्न विभिन्न सीपमूलक लामो तथा छोटा प्रकारका तालिम प्रदान गरी नगरपालिकाले अनुदानको समेत व्यवस्था गर्ने वातावरण यथासिघ्र अघि बढाईनेछ ।

१३८. यस नगरपालिकालाई बाल विवाह रहित, महिला हिंसा रहित, छाउपडी प्रथाको उन्मुलन, घरेलु हिंसामूक्त, मानव अधिकारको ग्यारेन्टी, छुवाछुतको अन्त्य, जातीय भेदभावमूक्त जस्ता सामाजिक कुप्रथाहरुको उन्मुलन गरी समानतामा आधारित नगरपालिकाको रुपमा स्थापित गर्ने कार्यलाई विशेष रुपले अघि बढाइनेछ ।

१३९. यस नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधारजन्य योजनाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी थप रोजगारीको अवसर सृजना गरिनेछ ।

१४०. नगरपालिकामा रहेका बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरी सुचीकृत गरिनेछ र नगरपालिका भित्र सञ्चालन हुने आयोजनाहरुमा कामदार परिचालन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई योजना सम्झौता गर्दा नै सूचीकृत कामदारलाई प्रयोग गर्नु पर्ने शर्त उल्लेख गरी योजना सम्झौता गर्ने व्यवस्था मिलाइने छ ।

१४१. नगरपालिकाको हरेक वडामा रोजगारमूलक आयोजनाहरुको नक्सांकन गरी नगरपालिकाको योजना बैंकमा समावेश गरिनेछ र कार्यान्वयन गर्दा योजना बैंकमा समावेश भएका योजनाहरुलाई नै छनौट गरिनेछ ।

१४२. बैदेशिक रोजगारीबाट फर्केका तथा भिषा स्वीकृत भै जान नपाएका बेरोजगार युवाहरुलाई रोजगार सेवा केन्द्रमा सूचीकृत गरी रोजगारीका अवसरहरुमा प्राथमिकता दिइने छ ।

१४३. नगरपालिकाका विभिन्न शाखाहरुको समन्वयमा रोजगारीका अवसर श्रृजनाका लागि एकीकृत प्रयास गरि स्रोत परिचालनमा बृद्धि गरिने छ ।

१४४. स्थानीय स्तरमा रोजगारीका थप अवसरहरु सृर्जना हुनसक्ने प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरी व्यावसाय सञ्चालन गर्न प्राविधिक सहायता प्रदान गर्ने र व्यावसाय सुरु गरेका व्यक्तिहरुका लागि अनुदानको व्यवस्था गरिनेछ ।

१४५. प्रभावकारी रुपमा कार्य सम्पादनका लागि रोजगार सेवा केन्द्रलाई थप जनशक्ति तथा साधन स्रोत र अन्य व्यवस्था सहित सबलीकरण गरिनेछ ।

पूर्वाधार विकास तर्फ

**स्थानीय सडक, पुल तथा झोलुंगेपुल, सिंचाइ, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत ( वैकल्पिक उर्जा समेत) र संचारको क्षेत्रमा लिइने मुख्य नीतिहरु ।**

पूर्वाधार विकास

१४६. नगरको गुरुयोजनाको रुपमा रहने आवधिक योजना तथा योजना बैंक तर्जुमा गरिनेछ । वातावरणीय प्रभाव मुल्याङ्कन र DPR मा आधारित रहि पूर्वाधार निर्माणको क्षेत्रमा गुणस्तरीयता कायम गरिनेछ ।

१४७. हेभी इक्युपमेन्टहरु प्रयोग गरी निर्माण गरिने योजनाहरु टेण्डर प्रक्रियाबाट मात्र गरिने छ ।

१४८. नगरपालिका भित्रका सडकहरुको वर्गीकरण गरी भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गरी नयाँ भवन निर्माण गर्नुपर्ने छ र निर्माण भैसकेका भवनहरुको अभिलेखीकरण कार्यविधि तयार गरी अभिलेखीकरण गरिने छ ।

१४९. वडास्तरबाट छनौट हुने योजनाहरु कम्तिमा ३ लाख सम्मका हुने गरी योजना तर्जुमा गरिने छ ।

१५०. उपभोक्ता समिति मार्फत कार्यान्वय हुने १० लाख वा सो भन्दा कम लागत अनुमान भएका योजनाहरु सम्झौता गर्दा घुम्ती शिविर मार्फत वडा कार्यालयहरुमा गई योजना सम्झौता गर्ने नीति लिइनेछ ।

१५१. आयोजनाहरुमा गुणस्तरीयता कायम गर्न ल्याब स्थपना गरिनुका साथै गुणस्तर परीक्षण मेशिनको प्रयोग गरी गुणस्तरीय आयोजना निर्माणमा जोड दिइने छ ।

१५२. आयोजनहरुमा भएको खर्चको विवरणलाई पारदर्शी गर्न योजना स्थलमा अनिवार्य रुपमा सुचना पार्टिको व्यवस्था गरिनेछ ।

१५३. नगर क्षेत्रको समानुपातिक पूर्वाधार विकासमा जोड दिईने छ । योजनालाई उद्देश्यमूलक बनाउन अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

१५४. **नगर गौरवको आयोजनाको रुपमा रहेको साङ्गेताडा-पाल्त** सडकको बडाला-बुडेली, बुडेली-सिम्सेर तथा चाल्ने-तिजडाँडा र गाबुगौंडा सडक खण्डलाई यसै वर्ष स्तरउन्नती गरी यातायात सेवालाई भरपर्दो र प्रभावकारी बनाईने छ ।

१५५. पूर्वाधारको पनि पूर्वाधार सडक यातायात भन्ने नारा लिई नगर सडक गुरुयोजना भित्र रहेर वातावरणीय प्रभाव मूल्याङ्कन समेतको आधारमा ९ वटै वडाहरुमा बाह्रैमास निरन्तर चल्ने सडक निर्माण गरिनेछ ।

१५६. नौ वटै वडा कार्यालयहरुको भवन निर्माण कार्य यसै आ.व. मा सम्पन्न गरि आफ्नै भवनबाट सेवा उपलब्ध गराईनेछ ।

१५७. एक वडा एक उद्यान/पार्क निर्माणको नीतिलाई लागु गरिनेछ ।

१५८. वडा नं. ५ स्थित रामघाट खोलामा छिमेकी पालिका जोडिने ठाँटिकाँधको लकान्द्र जोडन DPR निमार्ण भई सकेको मोटरेवल पुल निर्माणको कार्यलाई तदारुपताकासाथ अघि बढाईने छ ।

१५९. नगर बस सेवालाई विस्तार गरी नगर भित्र ९ वटै वडा र छिमेकी पालिकाहरु दुल्लु, भैरवी र ठाँटीकाँध सम्म समेत नगर बस सेवा विस्तार गरी यातायातको सुविधा उपलब्ध गराईने छ ।

१६०. स्थानीय सडक तथा राष्ट्रिय राजमार्गहरुको लगत कट्टाको काम अघि बढाई सडक किनाराका बस्तीहरुलाई प्रचलित मापदण्ड अनुसार व्यवस्थित र आधुनिकीकरण गरिनेछ ।

१६१. आगामी ३ वर्ष भित्रमा सम्पूर्ण नगर भरी स्वच्छ पिउने पानीको सहज सुविधा उपलब्ध गराउन एक घर एक धारा जडानको नीति लिईनेछ र मजुवा खानेपानी योजनालाई व्यवस्थित गर्न सबै उपभोक्ताहरुको धारामा मिटर जडान गरिने छ । साथै वडा नं. ९ को डौसुर सम्मका लक्षित उपभोक्ताहरुलाई नियमित

पानी उपलब्ध हुने प्रबन्ध मिलाईनेछ । सो कार्यका लागि समन्वय तथा सहजीकरण गर्न नगरपालिकामा खानेपानी तथा सरसफाइ शाखा स्थापना गरिने छ ।

१६२. स्थानीय आवश्यकता र औचित्यताको आधारमा सोलार तथा बिजुलीबाट लिफ्टिङ प्रणाली मार्फत खानेपानी र सिचाई सुविधा उपलब्ध गराउन आवश्यक अध्ययन अनुसन्धान गरी आवश्यक प्रक्रिया अघि बढाईने छ ।

१६३. नौ वटै वडाहरु र नगर सदरमुकाम वरपर उपयूक्त स्थानहरुको पहिचान र छनौट गरी गाडि पार्किङ स्थलहरु तथा खुल्ला क्षेत्र र खेल मैदानको निम्ति आवश्यक प्रबन्ध मिलाईनेछ ।

१६४. चालु आ.व.मा कर्णाली पानी परियोजनाको सहयोगमा यस नगरपालिकाको जलउपयोग गुरु योजना निर्माण भइ रहेकोले आगामी आ.व.मा उक्त जलउपयोग गुरुयोजना अनुरुप खानेपानी, सिचाइ तथा बहुउपयोगी आयोजनाहरु एकल वा साझेदारी रुपमा सञ्चालन गरिने छ ।

१६५. खरको छानामूक्त राष्ट्रिय अभियानलाई प्रभावकारी ढंगले अघि बढाउन आवश्यक सहयोग र समन्वय गरिनेछ ।

१६६. आगामि एक वर्ष भित्रमै सम्पूर्ण नगरबासी नागरिकहरुलाई विद्युत सेवाको पहुँचमा पुऱ्याइने छ । दुर्गम र एकल घरबस्ती भएका स्थानहरुमा वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

१६७. हरेक घर परिवारहरुलाई वैकल्पिक उर्जाको पहुँचमा पुग्न आवश्यक सहजीकरण गर्दै यथाशक्य आधुनिक चुलो र गोबर ग्याँस प्लान्ट उपलब्ध गराईनेछ ।

१६८. रामगाड, पादुका तथा खेतगाड खोलाको पानी आवश्यकता अनुसार लिफ्ट प्रविधि मार्फत नजिकैको खेतीयोग्य जमिनमा सिचाइको लागि प्रयोग गर्न आवश्यक पहल गरिनेछ ।

१६९. नगर गौरवका योजनाहरु प्रथामिकीकरण गरी कार्यान्वयन गरिनेछ । ठूला तथा रणनैतिक महत्वका पूर्वाधार निर्माण तथा औद्योगिक विकासको लागि सार्वजनिक निजी साझेदारी नीति लिइने छ ।

१७०. अपाङ्गता मैत्री भौतिक संरचनाहरुको विकास गर्दै लगिने छ ।

१७१. नगरपालिकाको कार्यालय तथा मुख्य राजमार्गहरुबाट वडा कार्यालय, स्वास्थ्य संस्थाको केन्द्रसम्म जोड्ने सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी सडकको मापदण्ड भित्र रहि सडक स्तरोन्नती गर्ने, उक्त सडक निर्माण कार्य उपभोक्ता समिति वा उपभोक्ताहरु मार्फत गर्दा हेभी इक्युपमेन्टहरुको प्रयोग नगरी प्रत्यक्ष उपभोक्ताहरुलाई लाभ हुने गरी रोजगारमूलक, जैविकमैत्री हरियाली आयमूलक कार्यहरु गर्ने गरी सञ्चालन गरिनेछ ।

१७२. नगरपालिका भित्र निर्माण गरिने सडकहरुको न्यूनतम मापदण्ड पुरा गरी नयाँ निर्माण भन्दा सडक मर्मत सम्भार तथा स्तर उन्नतीको कामलाई प्राथमिकता दिदै सडकहरुको दाँया बाँया वृक्षारोपण तथा वायोइन्जिनियरिङ्गको काम गरिनेछ ।

१७३. नेपाल सरकार र कर्णाली प्रदेश सरकारको समन्वयमा सामुदायिक भवन बनाउने नीति अवलम्बन गरिनेछ ।

१७४. नगर क्षेत्र भित्रको सार्वजनिक तथा ऐलानी जग्गाको स्पष्ट तथ्याङ्क लिई उचित व्यवस्थापन गरिनेछ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

**वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण तथा जलवायू परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन तर्फ आ.व.०८०/०८१ मा अवलम्वन गरिने प्रमुख नीति तथा कार्यक्रमहरु**

१७५. सार्वजनिक, ऐलानी तथा प्रति जग्गाहरुमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।

१७६. सामुदायिक वन समितिहरुलाई स्थानीय सरकारको करको दायरामा ल्याइनेछ ।

१७७. नगरको निश्चित ठाउँमा वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा ल्याण्डफिल्ड साइटको व्यवस्था गरी नियमित सरसफाइ गरी फोहोर व्यवस्थापन गरिनेछ ।

१७८. प्लाष्टिकका सामानहरुको प्रयोगलाई निरुत्साहित गरिने छ । विद्यालय, मठमन्दिर, कार्यालय, बजार क्षेत्र, सार्वजनिक स्थल र व्यक्तिगत घरमा फोहोर व्यवस्थापनको लागि आवश्यक कार्य गरिने छ ।

१७९. नगरका मुख्य मुख्य क्षेत्रमा फोहोर फाल्ने कन्टेनरको व्यवस्था मिलाइने छ ।

१८०. विपद् व्यवस्थापनलाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि विपद्का क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसस्थासँग समन्वय गर्दै विपद् प्रभावितहरुलाई तत्काल आर्थिक सहयोग गर्न पालिकाको प्रकोप व्यवस्थापन कोष वृद्धिका लागि पहल गरिने छ

१८१. विपद् पूर्वतयारी,जोखीम पूर्व सूचना प्रणाली जडान, विपद् प्रतिकार्य तथा विपद् न्यूनीकरण र पुर्नलाभका लागि विशेष प्राथमिकता दिईनेछ ।

१८२. "मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८" बमोजिम सोधभर्ना गरी समयमै उपचार खर्च उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१८३. विपद् पछिको उद्धारको निम्ति युवाहरुलाई क्याड्रे तालिमको व्यवस्था गरी स्वयम्सेवक दस्ता गठन गरी परिचालन गरिनेछ ।

१८४. सामुदायिक वनहरुसँगको समन्वयमा पादुका, लामादुवाल, गडाज्यूला, मटेला तथा रामघाट स्थित शमसानघाटहरुमा सशुल्क रुपमा दाउराको व्यवस्था गरी सव व्यवस्थापनलाई सहज बनाइने छ ।

१८५. पादुका, गडाजिउला, चिउरुवा, रामगाड आदि खोलाहरुमा तटबन्धनको निर्माणको लागि पहल गरिनेछ ।

१८६. हरेक सरकारी तथा गैह्र सरकारी कार्यालयहरुको हाताभित्र अनिवार्य गमला राख्ने व्यवस्था मिलाई वातावरणीय स्वच्छताको सन्देश प्रदान गरिनेछ ।

१८७. वैंकल्पिक उर्जाको प्रयोगमा जोड दिदै गोबरग्यास प्लान्ट तथा सौर्य उर्जामा विशेष अनुदान र प्रोत्साहन प्रदान गरिनेछ ।

१८८. विपद्जन्य घटनाहरुको न्यूनीकरणका लागि विपद् प्रतिकार्य योजना तयार भएको छ र यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१८९. विपद् सम्बन्धी सम्पूर्ण समस्याको समाधान गर्न स्थानीय आपतकालिन केन्द्र (LEOC) को स्तरउन्नति गरिने छ । साथै विपद् सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१९०. विपद् पूर्व सूचना प्रणाली जडान गरी विपद् जन्य घटनाहरुको पूर्व जानकारी लिने व्यवस्था मिलाइने छ ।

१९१. राहत वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।

१९२. यस नगरपालिकामा हुन सक्ने विपद्जन्य घटनाहरुबाट हुन सक्ने क्षतिको आँकलन, बजेट व्यवस्थापन र प्रतिकार्यका लागि जनप्रतिनिधि र स्वयम्सेवक परिचालन गरिनेछ ।

१९३. बढ्दो जलवायु परिवर्तनको असरका कारण नदीको कटान तथा क्षयीकरणको उच्च जोखिममा रहेका खेतीयोग्य जमिनको संरक्षणका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार र विकास साझेदारहरुसँगको समन्वयमा आवश्यक तटबन्धनको व्यवस्था गरिनेछ ।

१९४. बढ्दो भौतिक पूर्वाधार निर्माणका कारण वातावरणमा परेको प्रभावलाई न्यूनीकरण गर्नका लागि पूर्वाधार निर्माण गर्नु पुर्व वातावरणीय प्रभाव मूल्यांकनलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

१९५. अचानक आइपर्ने विभिन्न प्रकृतिका विपद्‌बाट प्रत्यक्ष प्रभावित, न्यून आय भएका गरिब तथा अति विपन्न परिवारका नागरिकहरुलाई तत्काल उद्धार, राहत वितरण तथा पुनःस्थापित गर्नका लागि स्थापित नगर स्तरीय विपद् व्यवस्थापन कोषलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ

**सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, सुशासन प्रवर्द्धन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन ।**

१९६. कर र मृत्यू सत्य हुन भन्ने मान्यता अनुरुप सम्पूर्ण नगरबासीहरुलाई प्रगतिशील करको सिद्धान्त अनुरुप करको दायरामा ल्याई नागरिक कर्तव्यको बोध गराइने छ ।

१९७. यस नगरकार्यपालिकाको कार्यालय, सबै विषयगत शाखा र सबै वडा कार्यालयहरुमा नागरिक बडापत्र टाँस गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाइने छ ।

१९८. नगरपालिको कार्यालयमा डिजिटल हाजिर, डिजिटल सूचना पार्टि ,अडियो नोटिस बोर्ड ,बैठक तथा सेमिनारका लागी Interactive Smart Board लगायत तिव्र क्षमताको इन्टरनेटको व्यवस्था गरी सेवा प्रवाहलाई जनमुखी र पारदर्शी गराइनेछ ।

१९९. नगरपालिका स्थानीय सरकारले प्रदान गर्न सम्पूर्ण सेवाहरु नागरिक वडापत्र मार्फत सुसूचित र कार्यान्वयन गरिनेछ ।

२००. सामाजिक परिचालन कार्यक्रमलाई नियमित गरिनेछ ।

२०१. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन नगर प्रमुख तथा कार्यालय प्रमुख र कार्यालय प्रमुख तथा शाखा प्रमुखहरुको बीचमा कार्यसम्पादन सम्झौता गरी लागु गरिने छ ।

२०२. टोल फ्रि नं. तथा अन्य माध्यायमबाट प्राप्त नगरपालिकासँग सम्बन्धित गुनासा तथा उजुरीहरुलाई यथाशक्य छिटो समाधान गर्ने व्यवस्था गरिने छ ।

२०३. नगरपालिकाको न्यायिक सम्पादनलाई प्रभावकारी बनाउन मेलमिलाप कार्यकर्ता तयार गरिने छ र सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन गरिने छ ।

२०४. योजना निर्माण गर्दा टोल बस्ती स्तरमा पुगेर समाजका सबै तह र तप्कामा रहेका तथा विभिन्न पछाडि परेका नागरिकहरुको समेत सहभागितामा स्थानीय योजना निर्माण प्रक्रिया सञ्चालन गरिनेछ ।

२०५. दलित, महिला, जनजाति, अपाङ्ग, अल्पसंख्यक तथा पिछडा वर्गको सहभागिता सबै खाले सार्वजनिक सरोकारका विषयहरुमा सुनिश्चित हुने प्रबन्ध मिलाइनेछ ।

२०६. स्थानीय सरकारका निर्णयहरु सर्बसाधारण नागरिकको पहुँचसम्म सहज हुने गरी सार्वजनिक गर्ने प्रबन्ध मिलाइनेछ ।

२०७. नगरपालिकाको हरेक गतिविधि तथा क्रियाकलाप पारदर्शी ढंगले सार्वजनिक गर्ने प्रबन्ध गरिनेछ ।

२०८. वडा तथा नगरपालिका, विभिन्न विषयगत शाखाहरुबाट प्रवाह गरिनेछ सेवा छिटोछरितो र **हँसमुख तरिकाले प्रदान** गरिनेछ । अनावश्यक ढिलासुस्ती भएमा सम्बन्धित पक्षबाट सेवाग्राहीलाई क्षतिपुर्ति समेतको व्यवस्था गरिनेछ ।

२०९. स्थानीय सरकारको आय व्यय विवरण प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

२१०. प्रत्येक चौमासिकमा अनिवार्य सार्वजनिक सुनुवाइको व्यवस्था मिलाइनेछ ।

२११. उपभोक्ता समितिहरुलाई प्रभावकारी ढंगले अभिमुखीकरण तालिम प्रदान गरी थप जिम्मेवार र जवाफदेही बनाइनेछ ।

२१२. सामाजिक सुरक्षा भत्ता वडा कार्यालयहरुबाटै प्रदान गर्न शाखा रहित बैंकिङ सेवालाई थप सुदृढीकरण गरिनेछ ।

२१३. भ्रष्टचार र अनियमिततामा शून्य सहनशीलताको नीति लिई नागरिकहरुको गुनासो र सुझावको आधारमा नगरको कुनैपनि योजना वा कार्यक्रम माथि छानबिन समिति बनाई स्पष्ट पारिनेछ ।

२१४. नागरिकहरुको सुविधाको निम्ति स्थानीय बजार क्षेत्रको बेलाबेलामा अनुगमन गरी महंगी, मूल्यवृद्धि, ठगी, कालो बजारी, तस्करी आदि विकृतीहरु नियन्त्रण र नियमन गरिनेछ ।

२१५. महंगी र कालो बजारीबाट नागरिकहरुलाई जोगाउन र गुणस्तरीय उपभोग्य बस्तुको सेवा प्रदान गर्न नगरका मुख्य मुख्य बजारहरुमा सुपथ मुल्य पसल सञ्चालन गर्ने प्रबन्ध मिलाइनुका साथै खाद्य डिपो सञ्चालन गरिनेछ ।

२१६. नगरपालिबाट प्रदानहुने जुनसुकै सेवा प्रवाह गर्दा टाढाबाट आउने सेवा ग्राहीहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।

२१७. पञ्जीकरण लगायतका सेवाहरु थप व्यवस्थित र पारदर्शी बनाईने छ । साथै अनलाईन सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

२१८. नगरको समग्र लेखा प्रणालीलाई पारदर्शी बनाउन र आवश्यक सुधारको निम्ति एक निष्पक्ष र सशक्त लेखा समिति निर्माण गरी सेवा प्रदान गरिनेछ ।

२१९. महिला र पुरुषको समविकासलाई केन्द्रमा राखेर लैंगिक उत्तरदायी बजेट निर्माण गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

२२०. योजना परिचालन गर्दा दोहोरिन नदिन संघ, प्रदेश र स्थानीय तह बीच समन्वयात्मक ढंगले सेवा प्रवाह गर्नुका साथै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रम अगाडि बढाइने छ ।

२२१. योजना छनौट गर्दा सम्भव भएसम्म स्थानीय स्रोत र श्रममा आधारित परियोजनाहरुलाई प्राथमिकता दिइने छ । श्रम परिचालन गर्दा कमजोर वर्ग लाभान्वित हुने गरी रोजगारी सिर्जना हुने नीति अबलम्बन गरिनेछ । विगतका नगरसभाबाट पारित नीति तथा कार्यक्रमहरुलाई यथासम्भव निरन्तरता दिईनेछ ।

२२२. नगरपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक ऐन, नियमावली, कार्यविधि र निर्देशिका निर्माण गरी लागु गरिनेछ ।

२२३. विद्युतीय सरकारको अवधारणा अनुरुप नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा रहेका सार्वजनिक महत्वका सूचनाहरुलाई वेवसाइटको माध्यमबाट नियमित रुपमा सार्वजनिक गरिनेछ ।

२२४. कार्यालयबाट दैनिक रुपमा प्रवाह गरिनेछ सार्वजनिक सेवालाई छिटो छरितो, गुणस्तरयुक्त र प्रभावकारी बनाउन, साथै सूचना संकलन कार्यलाई मितव्ययी र विश्वसनीय बनाउन आधुनिक सफ्टवेयरको प्रयोग गरिनेछ ।

२२५. नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय स्तरमा न्याय सम्पादन प्रणालीलाई व्यवस्थित गर्न न्यायिक समितिको क्षमता अभिबृद्धि  तथा संस्थागत विकास गरिनेछ ।

२२६. यस नगपालिकाको बजारको वस्तु तथा सेवाको गुणस्तर नियमन गर्न बजार अनुगमन नीतिलाई व्यवस्थित तथा प्रभावकारी बनाइने छ ।

२२७. यस नगरपालिका क्षेत्रमा ल्यान्डलाइन टेलिफोन सेवा विस्तारका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।

२२८. यस नगरपालिकाका जनप्रतिनिधि र  कर्मचारीहरुको मासिक सेवा सुविधा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार उपलब्ध गराइने छ ।

२२९. यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्यसम्पादन गर्ने अवसर प्रदान गरि राजनीतिक दबाव तथा प्रभावबाट मूक्त गर्ने नीति कार्यान्वयन गरिने छ ।

२३०. कर्मचारीहरुबाट उच्च र उपलब्धिपूर्ण कार्यसम्पादन लागि क्षमता विकासका  कार्यक्रमहरु आयोजना तथा सञ्चालन गरिने छ ।

२३१. पालिकामा कार्यरत कर्मचारीहरुको सेवासर्त, सुरक्षामा विषेश ध्यान दिइने छ । साथै, मौद्रिक तथा गैरमौद्रिक सुविधाहरुमा समानता कायम गरिने छ ।

२३२. स्थानीय तहको विकास र स्थानीय सरकारको सोच तथा हालसम्म भएका उपलब्धिहरुलाई सधै भरी स्मरणीय बनाउनका लागी स्क्रिप्ट र निर्देशनको उत्कृष्ट संयोजन गरी नगरपालिकाको Documentry Video तयार गर्न पहल गरिनेछ ।

२३३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यतिहरुलाइ सम्बन्धित वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता वितरण गर्न र शारीरिक रुपमा अशक्त व्यक्तिहरुलाइ घरदैलोमा सेवा प्रदान गर्न बैंक र सम्बन्धित विभागमा पहल गरिनेछ ।

२३४. व्यतिगत घटना दर्तामा ३५ दिन भित्र गर्न जनचेतनामुलक कार्यक्रम गर्दै समावेश हुन छुट भएका व्यक्तिहरुका लागी घुम्ति शिविर सञ्चालन गरी सेवा प्रदान गरिनेछ ।

२३५. नगरपालिकाबाट प्रदान गरिने सिफारिसको ढाँचामा एकरुपता प्रदान गर्न E Sifaris software को प्रयोग गरिनेछ ।